तपाईंको आवाजका लागि
# सर्वपक्ष
राष्ट्रिय दैनिक पत्रिका

जि.प्रशा.का. सिन्धुपाल्चोक द.नं.: १४-०६१/६२
जिल्ला हुलाक कार्यालय द.नं.: ०१/०७७/७८

वर्ष ५ । अङ्क ८७ । पूर्णाङ्क १४९७ । २०८१ कार्तिक १० गते शनिबार । नेपाल सम्वत् ११४४ । 26 October, 2024 । पृष्ठ: ४ । मूल्य रु ५।-






समृद्धिको तगारो: कुशासन
पृष्ठ ८

डोको


- मधुवन पौडेलको कथा, अवतरण अर्थात फिर्तिको छटपटी
- महेन्द्र थुलुङ राईको कविता
- विके माकजूको कविता

## सरकार असफल भयो: सापकोटा



● सर्वपक्ष सम्वाददाता । मेलम्ची

नेकपा माओवादी केन्द्रका उपाध्यक्ष तथा प्रवक्ता अग्निप्रसाद सापकोटाले अहिल्यै नै ओली सरकारको विकल्प नखोजिएको बताएका छन् ।

यतिबेला सरकारको विकल्प खोज्ने भन्दा पनि पार्टीको सम्पूर्ण ध्यान १० गते हुने खबरदारी सभाको तयारीमा रहेको उनले स्पष्ट पारे । तर ओली सरकार पूर्ण रुपमा असफल भएको उनको निष्कर्ष छ । 'जनता विपद्को भुमरीमा छन् । सरकारको उपस्थिति शून्य छ । हरेक हिसाबले सरकार पूर्णत असफल भएको छ । सरकार परिवर्तनको विषयमा अहिले छलफल चलिसकेको छैन । सम्पूर्ण रुपमा पार्टीको ध्यान १० गते हुने खबरदारी सभामा रहेको छ । जनतामा गएर खबरदारी गर्दै जान्छौं । सरकारका गलत कामबारे जनतालाई जानकारी दिउँ । अरु कुरा बिस्तारै हुँदै जान्छ', उनले भने ।

सत्ताबाट बाहिरिएपछि जन परिचालनसहितका कार्यक्रम ल्याउने तयारी गरेको माओवादीले बिहीबार सरकारको सय दिनको कामको समीक्षा गरी आफ्नो धारणा सार्वजनिक गर्दैछ ।

# लागेन बालुवा गिट्टीको ठेक्का

● सर्वपक्ष सम्वाददाता । चौतारा



आर्थिक वर्षको सुरूवातदेखि नै स्थानीय सरकारले नदीजन्य पदार्थ उत्खननको ठेक्का प्रकाशित गरे । तर, हालसम्म कुनैपनि कम्पनीले निवेदन दिन आएका छैनन् ।

चौतारा साँगाचोकगढी नगरपालिका र इन्द्रावती गाउँपालिकाले पटकपटक ठेक्का आह्वान गरेका छन् । गत वर्षहरू भन्दा यसपाली विकास निर्माण र भौतिक संरचनाको काम घट्दा गिट्टी बालुवा प्रयोगमा कमी आएको छ । क्रसर व्यवसायी इन्द्र गिरी भन्छन्, राज्यसँग रकम नै छैन । निर्माणकार्य कम भएपछि नदीजन्य पदार्थको उपयोग पनि कम नै भएको छ ।

हरेक वर्ष चौतारा साँगाचोकगढी नगरपालिकाले नदीजन्य पदार्थ उत्खनन गरेको करबाट २५ करोड राजस्व संकलन गर्थ्यो। पोहोरसाल १८ करोडमा ठेक्का सम्झौता भएको थियो । क्रसर व्यवसायी गिरीले पाँच करोड घाटा व्यहोरेको भन्दै यो वर्ष ठेक्का हाल्न आएनन् । उनले सात करोडसम्म पाए ठेक्का सम्झौता गर्ने भनेपछि अहिले नगरका कर्मचारी आफैंले राजस्व संकलन गरिरहेका छन् ।

नगरपालिकामा कार्यरत इन्जिनियर विकास श्रेष्ठले भने, धेरै रकम घटाउन नियमले मिल्दैन । मिलेसम्म रकम मिलान गरेर ठेक्का खोल्दा कोही आएका छैनन् । कर्मचारीले उठाउँदा राजस्व हिनामिना हुने डर हुन्छ ।

इन्द्रावती गाउँपालिकाले हरेक वर्ष १५ करोडभन्दा माथि राजस्व उठाउँथ्यो । गत वर्ष १४ करोड संकलन भएको थियो । यो वर्ष १० करोडमा टेन्डर आह्वान गर्दा पनि निवेदन हाल्न कोही आएका छैनन् । रकम घटाएर ठेक्का प्रकाशित गरियो । तर, कोही आएनन्, अध्यक्ष झम्क नेपालले भने । मेलम्ची नगरपालिकाले ३३ करोडमा लाग्ने ठेक्का यो वर्ष हालसालै २३ करोडमा सम्झौता गरेको छ ।

बिगतमा मेलम्ची नगरपालिकाले नदीजन्य पदार्थ उत्खननबाट ५० करोडभन्दा बढी आम्दानी गर्थ्यो । सुनकोसी गाउँपालिकाले आधा रकम घटाएर सूचना प्रकाशित गर्दा पनि ठेक्का सम्झौता हुन नसकेको अध्यक्ष टपिन्द्र तिमल्सिना बताउँछन् । बाह्रबिसेले जुरे र भोटेकोसी नदी क्षेत्रमा एक करोड ५० लाखमा ठेक्का सम्झौता गरेको छ । बलेफी गाउँपालिकाले २८ लाखमा ठेक्का सम्झौता गरेको छ । बिगतमा प्रतिस्क्वायर बालुवा गिट्टीको नौ रूपैयाँ राजस्व उठाउने नियम थियो । यसपालीदेखि बागमती प्रदेश सरकारले प्रतिस्क्वायर सात रूपैयाँ उठाउन सबै स्थानीय तहलाई परिपत्र गरेको छ । रकम घटाएर ठेक्का आह्वान गर्दा पनि सम्झौता गर्न कुनै कम्पनी नआएपछि स्थानीय तहका कर्मचारी राजस्व उठाउन आफै लागेका छन् ।

# सबै स्थानीय तहलाई सूचना अधिकारी तोक्न आयोगको निर्देशन

● सर्वपक्ष सम्वाददाता । काठमाण्डौ

**अभिलेख व्यवस्थापन प्रणाली अवलम्बन गर्न, स्थानीय तहको नीति, कार्यक्रम तथा बजेटमा सूचनाको हकको कार्यान्वयनलाई समावेश गर्न भनिएको छ ।**

राष्ट्रिय सूचना आयोगले सबै स्थानीय तहलाई अनिवार्य रुपमा सूचना अधिकारी तोक्न निर्देशन दिएको छ ।

सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि १० बुँदा कार्यान्वयन गर्नका लागि आयोगको गत असोज १६ को बैठकको निर्णय अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत ७५३ वटै स्थानीय तहलाई निर्देशन दिएको हो ।

जसमा सूचना अधिकारी अनिवार्य रुपमा तोक्न र सूचना अधिकारी तोक्दा सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ६ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४ को व्यवस्था बमोजिम मात्र गर्ने गराउने व्यवस्था गर्न निर्देशन दिइएको आयोगले जनाएको छ ।

आयोगका अनुसार सूचना मागको अवस्थालाई ध्यानमा राखेर आवश्यक भएमा सूचना शाखाको व्यवस्था गर्न पनि निर्देशन दिइएको छ । यस्तै सूचना अधिकारीलाई सार्वजनिक निकायमा भएका सूचनामा सहज पहुँच तथा सहयोग गर्ने गराउने व्यवस्था गर्नुपर्ने,साथै सूचना अधिकारीलाई स्रोत साधन सम्पन्न बनाउन भनिएको छ ।

सूचनाको हकको कार्यान्वयनका लागि प्रत्येक स्थानीय तहले सूचनाको हकसम्बन्धी बजेट तथा कार्यक्रम अनिवार्य रुपमा प्रत्येक वर्ष राख्नुपर्ने,सूचना अधिकारीलाई सार्वजनिक निकायमा प्राप्त हुने वैदेशिक भ्रमण,तालिम,पुरस्कार जस्ता विषयमा प्राथमिकता दिन पनि निर्देशन दिइएको छ ।

आयोगले सूचनाको हक कार्यान्वयनका लागि राम्रो अभिलेख व्यवस्थापन हुन आवश्यक रहेको भन्दै सूचना प्रविधिमा आधारित अभिलेख व्यवस्थापन प्रणाली अवलम्बन गर्न, स्थानीय तहको नीति, कार्यक्रम तथा बजेटमा सूचनाको हकको कार्यान्वयनलाई समावेश गर्न भनिएको छ ।

चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम गरौं

- चाडपर्वमा अनावश्यक तडक भडक नगरौं,
- जुवातास नखेलौं र मद्यपान नगरौं,
- धार्मिक, सांस्कृतिक मूल्य मान्यता र परम्परा जोगाऔं,
- चाडपर्वलाई सामाजिक सहिष्णुता र मेलमिलापको अवसरका रुपमा प्रयोग गरौं,
- आफ्नो जस्तै अरुको धार्मिक, सांस्कृतिक रीतिरिवाजको सम्मान गरौं,
- चाडपर्व एक आपसमा मिली हर्षोल्लासका साथ मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# बढ्दै गएको गरिबी किन नरोक्ने ?

गरिबीलाई कसैले अभिशाप त कसैले असक्षमता, कसैले स्रोत साधनमा पहुच नभएको अवस्था हो भनेर परिभाषित गर्ने गरेको पाइन्छ । नेपालमा गरिबी निवारणका लागि भएका नीतिगत तथा कार्यक्रमगत प्रयासका कारण गरिबीको रेखामुनि रहेको जनसंख्या घटेको छ तथापि गरिबीको रेखा भर्खरै मात्र पार गरेकाहरुको संख्या ठूलो भएकाले उनीहरुलाई फेरि गरिबीको रेखामुनि झर्न नदिन सशक्त प्रयास गर्नुपर्ने देखिएको छ । भर्खरै माथि उक्लेका व्यक्ति र समुदायको जीवनस्तर असाध्यै जोखिमपूर्ण हुने गर्दछ । उनीहरुको नियन्त्रण बाहिरको कुनै परिस्थिति आइहालेमा जुनसुकै समय यिनीहरु पुनः गरिबीको रेखामुनि झर्न सक्छन् ।

विश्वका विभिन्न देशहरु आर्थिक अवस्थाका आधारमा सम्पन्न र विपन्न रहेका छन् । सम्पन्न मानिएका देशका जनताको जीवनस्तर विपन्न भनिने देशहरुको तुलनामा राम्रो रहेका छन् । तरपनि आर्थिक रुपमा सम्पन्न मानिने देशहरू चाहे त्यो अमेरिका नै किन नहोस त्यहा पनि हुदा खाने र हुने खानेबीचको खाडल कायमै रहेको पाइन्छ भने साम्यवादी शासन व्यवस्था अूगालेको चीन जहा पर्याप्त मात्रामा सामाजिक सुरक्षाको व्यवस्था भएको भए तापनि गरिबको संख्या अझै १६ प्रतिशत रहेकोछ । तर देशगत रुपमा गरिबको परिभाषा तथा मापदण्डमा भने एकरुपता देखिंदैन । गरिबीको मापन गर्ने मापदण्डका आधारमा पनि गरिबीको संख्या बढ्ने, घट्ने हुदा गरिबी न्यूनीकरणका साथसाथै आर्थिक असमानताको खाडल कम गर्नेतर्फ विश्वको चासो र पहल सुरू भएको छ ।

अतः गरिवीको मुल कारण आर्थिक तथा सामाजिक एवं प्राविधिक पछौटेपन पनि भएकाले प्रविधि हस्तान्तरण र सामाजिकीकरण गर्दै जानुपर्छ । गरिबी भनेको पैसा नहुनु मात्र होइन, शक्तिहीनता, आवाजविहीनता तथा सामाजिक वञ्चितीकरणको अवस्था पनि हो । भनिन्छ, समाजमा गरिबी सबैखाले रोग र समस्याको जड हो भने विकास सबैखाले समस्याको साझा निदानको उपाय हो । त्यसकारण गरिबीको विविध पक्षहरुको पहिचान वस्तुनिष्ठ ढंगबाट गरी त्यसको न्यूनीकरण गर्न सरकारी क्षेत्रको अतिरिक्त नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी क्षेत्रको भूमिकालाई थप उत्तरदायीपूर्ण बनाउनु पर्दछ । तसर्थ सरकारले पनि गरिबी न्यूनिकरणको लागि प्रयास थाल्न आवश्यक छ ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय, सिन्धुपाल्चोक

**सिन्धुपाल्चोकमा रहेका कार्यालयहरुका सूचना अधिकारीहरुको नामावली**

| सि.न. | नाम थर | पद | कार्यालय | सम्पर्क न. | ईमेल ठेगाना |
|---|---|---|---|---|---|
| १ | अक्षय कुमार दनुवार | शाखा अधिकृत | जिल्ला अदालत | ९८६०५७१९४९ | akshaydanuwar@gmail.com |
| २ | जित बहादुर भण्डारी | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | ९८५१२४३०८४ | daochautara@gmail.com |
| ३ | गोमादेवी ढकाल | जि.स.अ. | जिल्ला समन्वय समिति | ९८४१६२७४३९ | ddcsindhupalchowk@gmail.com |
| ४ | बर्षा ढकाल | स.जि.न्या.ब. | सरकारी वकिल कार्यालय | ९८५१२७९५०३ | attorneysindhu@gmail.com |
| ६ | महेश तिमिल्सिना | कोष नियन्त्क | कोष तथा लेखा नियन्त्रक कार्यालय | ९८५१११९५७४ | mutualmahesh2016@gmail.com |
| ७ | राज कुमार पोखरेल | अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ९८४१२५४२२६ | nidsindhupalchok@gmail.com |
| ८ | राजकुमार चौधरी | सुचना अधिकारी | जिल्ला निर्वाचन कार्यालय | 9851346447 | Deo.sindhu2@gmail.com |
| ९ | रवि न्यौपाने | सुचना अधिकारी | जिल्ला हुलाक कार्यालय | ९७४८२६६२०८ | dposindhu@gmail.com |
| १० | कुमार प्रसाद खतिवडा | नायब सुब्बा | मालपोत कार्यालय | 9767228990 | Sindhupalchowk.gov.np |
| ११ | रामेश्वर ठुंगाना | सर्वेक्षक | नापी कार्यालय | ९८५११०४५७९ | sindhupalchok@dos.gov.np |
| १२ | सुर्य प्रसाद काप्ध्रे | भन्सार अधिकृत | भन्सार कार्यालय | ९८५११३९१३२ | tatopani@npponepal.gov.np |
| १३ | हिमाल भुसाल | प्राविधिक सहायक | आलुबाली विकास केन्द्र | ९८५१३४१०३९ | nigalefarm@gmail.com |
| १४ | मान बहादुर विक | नायब सुब्बा | कारागार कार्यालय | ९८६५१३९८६२ | chautaragaurab123@gmail.com |
| १५ | श्रीराम पराजुली | वरिष्ठ कबिराज निरिक्षक | आर्युबेद कार्यालय | ९८५११७९०५९ | p3mosd.dahcsindhupalchok@gmail.com |
| १६ | जय बहादुर महत्रा | नायब सुब्बा | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ९८५७०१०३४९ | Sthrajendra1151@gmail.com |
| १७ | राम रोशन प्रसाद यादव | तथ्यांक सहायक | जनस्वास्थ्य कार्यालय | ९८५११७९०९२ | ramroshanyadav77@gmail.com |
| १८ | अमरदिप कुमार शाह | मेडिकल अधिकृत | चौतारा अस्पताल | ९८५१३२६१५३ | amardeep.shah33@gmail.com |
| १९ | प्रकाश रानाभाट | प्रा.स. | शिक्षा विकास तथा समन्वय इकाइ | ९८५११०५७९६ | prksrnbht@gmail.com |
| २० | भक्त बहादुर श्रेष्ठ | स.ब.अ. | डिभिजन वन कार्यालय | ९८६२९५९४०४ | Bhakta15@gmail.com |
| २१ | सन्जु न्यौपाने | इन्जिनियर | पूर्वाधार विकास कार्यालय बा.प्र. | ९८५१३३६३२९ | Pmamp.piu.sindupalchok@gmail.com |
| २२ | सचिदानन्द सिंह | सव इन्जिनियर | भू तथा जलाधार व्यवस्थापन कार्यालय | ९८५११९५१२४ | Rucknation222@gmail.com |
| २३ | रोशन बजगाई | अधिकृत छैठौ | जलस्रोत तथा सिँचाई डिभिजन कार्यालय | ९८५१३५७६८३ | iddchautara@gmail.com |
| २४ | शंकर प्रसाद दाहाल | अधिकृत छैंटौं | चौ.सा.गढी न.पा. | ९८५१३४८०२९ | shankardahal88@gmail.com |
| २५ | ज्ञानेन्द्र महत | प्रशासन अधिकृत | बाह्रबिसे न.पा. | ९८४१९६४९७८ | suchanaadhikari@bahrabisemun.gov.np |
| २६ | अर्पना श्रेष्ठ | सुचना प्रविधि अधिकृत | मेलम्ची न.पा. | ९८५१२५३५९८ | Ito.melamchimun |
| २७ | नवराज खत्री | शाखा अधिकृत | भोटेकोशी गा.पा. | ९८५१२८०४४३ | suchanaadhikari@bhotekoshimun.gov.np |
| २८ | शालिक राम घिमिरे | सुचना अधिकारी | त्रिपुरासुन्दरी गा.पा. | 9841429732 | Ghimireshalik.sg@gmailcom |
| २९ | निम बहादुर बुढाथोकी | शिक्षा अधिकृत छैटो | सुनकोशी गा.पा. | 9843518387 | NIMRAJBIBASH@GMAIL.COM |
| ३० | पंख थापा | सूचना अधिकृत | लिसंखुपाखर गा.पा. | ९८६४९२९६२१ | itolisankhupakharmun4@gmail.com |
| ३१ | श्री ज्ञानु तामाङ | सूचना अधिकृत | बलेफी गा.पा. | ९८५१३५१२६९ | balephi2017@gmail.com |
| ३२ | सुरज गिरी | सहायक पाँचौं | जुगल गा.पा. | ९८४३००८१५६ | surajgiri2051@gmail.com |
| ३३ | सन्तोष सापकोटा | सूचना अधिकृत | इन्दवती गा.पा. | ९८६०९८५२९४ | er.santosh1020@gmail.com |
| ३४ | टोप बहादुर बरुवाल | अधिकृत स्तर छैठौँ | हेलम्बु गा.पा. | ९८६४६८४६६६ | baruwaltop@gmail.com |
| ३५ | राम प्रसाद न्यौपाने | सहायक पाँचौ. | पाँचपोखरी थाङपाल गा.पा. | ९८५११०९८०८ | neupane2039@gmail.com |
| ३६ | समिर मर्हजन | टेक्निसियन | नेपाल टेलिकम | ९८५१३४८८८३ | ppschautara@ntc.net.np |
| ३७ | श्री संजय प्रजापती | सहायक इन्जिनियर | नेपाल बिधुत प्राधिकरण | ९८४११३४६७५ | sunjayprjpt@gmail.com |
| ३८ | कमलचरण कक्षपति | मन्त्री | नेपाल रेडक्रस सोसाइटी | ९८४१५३९९०२ | sindhuredcross@gmail.com |
| ३९ | विदुर आर्चाय | सचिब | नेपाल पत्रकार महासंघ | ९८५११३४६०२ | hngsindhu049@gmail.com |
| ४० | नातीबाबु धिताल | जिल्ला प्रमुख | अनौपचारिक सेवा केन्द्र | ९८४१९८९६४० | |
| ४१ | लक्ष्मी तामाङ | केश मेनेजर | शक्ति समुह | ९८६४२६६४५४ | ltamang2052@gmail.com |
| ४२ | गणेशमान झैला | स शाखा प्रवन्धक | नेपाल बैंक लिमिटेड | 9841615629 | chautara@nepalbank.com.np |
| ४३ | अलिशा नेपाल | शाखा सहायक प्रवन्धक | राष्ट्रिय वाणिज्य बैक | ९८५१०२२१२८ | Alisha.nepal@rbb.com.np |
| ४४ | कमल सापकोटा | ब्यवसाय सहायक | कृषि विकास बैंक | ९७४२८२४७८२ | kamal.sapkota@adbl.gov.np |
| ४५ | देव बहादुर खत्री | शाखा प्रबन्धक | कुमारी बैंक लिमिटेड | ११६२०४०२ | chautara@kumaribank.com |
| ४६ | शिवसिह बस्नेत | शाखा प्रबन्धक | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक | ९८६९०२२१०० | chautara@nimb.com.np |
| ४७ | पियुष राज अर्याल | प्रमुख वित्तिय अधिकृत | लक्ष्मी सनराइज बैंक | 9866298951 | Piyush,aryal@laxmisunrise.com |
| ४८ | अमित तामाङ | शाखा प्रबन्धक | सिन्धु विकास बैंक | 9845879586 | Amit.tamang@sindupalchok.com.np |


# समृद्धिको तगारो : कुशासन



उदय रानामगर

सुशासन विकासको लागि न्यूनतम पूर्वाधारको रुपमा रहेको हुन्छ । सुशासन सहितको विकासले मात्र समग्र अर्थतन्त्रको विकासलाई सघाउँछ । आर्थिक वृद्धिले आर्थिक विकासलाई प्रतिबिम्बित गर्दछ । आर्थिक वृद्धिलाई कुल गार्हस्थ्य उत्पादन (जीडीपी) र कुल राष्ट्रिय उत्पादनको आधारमा मापन गरिन्छ यद्यपि कहिलेकाहीं यसको मापनमा वैकल्पिक मेट्रिक्सहरु पनि प्रयोग हुने गरेको छ ।

यो सूचकले देशको आर्थिक विकासलाई मापन गर्दछ । आर्थिक वृद्धि र विकासको लागि सुशासन आवश्यक छ । तर नेपालमा सुशासन कायम गर्न हम्मेहम्मे परेको अवस्था छ । सुशासन भनेको शासकीय प्रणालीलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने र सार्वजनिक स्रोतहरुको व्यवस्थापन गर्ने प्रक्रिया हो जसले कानुनको शासनलाई प्रवर्द्धन गर्दछ । यसले मानवअधिकारअन्तर्गत नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई समेत समेट्छ ।

सुशासनलाई जोनस्टन (२००२) ले 'व्यापक रुपमा स्वीकृत सामाजिक उद्देश्यहरुका लागि सार्वजनिक शक्ति र स्रोतहरु प्राप्त गर्ने र प्रयोग गर्ने वैध, जवाफदेही र प्रभावकारी तरिका' भनेका छन् । यो अवधारणा दोस्रो विश्वयुद्धपछि नवोदित राष्ट्रहरुमा देखापरेको शासनतन्त्रको विकृतिलाई हटाई मुलुकलाई ठिक ढंगले विकास गर्न आएको हो । आधुनिक समयमा आएर यसलाई अर्थतन्त्रको मेरूदण्डको रुपमा लिने गरिन्छ । आधुनिक अर्थव्यवस्थामा आर्थिक विकास र आर्थिक वृद्धिले सुशासन कायम गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सुशासन भ्रष्टाचार विरूद्ध लड्ने आधार हो । यसको केही मुख्य सिद्धान्त भ्रष्टाचार विरोधी सिद्धान्तहरु पनि हुन् ।

आर्थिक विकास र राजनीतिक प्रणालीहरुमा शुद्धताको लागि सुशासनको अपेक्षा गरिन्छ । सुशासनमा मूलतः सहभागितामूलक व्यवस्था, कानुनको शासन, पारदर्शिता, उत्तरदायी, सहमतीय शासन प्रणाली, समानुपातिक र समावेशी व्यवस्था तथा प्रभावकारी र जवाफदेही शासन जस्ता आयामलाई समेट्छ । नेपाल विकासोन्मुख देशको रुपमा स्तरोन्नति हुने दिशामा अघि बढ्दैछ । त्यसको लागि शासकीय प्रणालीलाई बढी जनमुखी, प्रभावकारी, अनुगमन प्रणाली, दक्ष र सक्षम भ्रष्टाचारमुक्त शासकीय प्रणालीको लागि पनि सुशासन आवश्यक छ । सार्वजनिक क्षेत्रमा सुशासन कायम गर्नका लागि निरन्तर नीतिगत, संस्थागत रुपमा नै कार्य गर्दै गरिंदै आएको पनि छ ।

तर नेपालमा भ्रष्टाचार अपेक्षित रुपमा घट्न सकेको छैन । नेपाल सन् २०२० मा भ्रष्टाचारको सूचकाङ्कमा ३३ अंकसहित ११७औं स्थानमा छ भने यो अघिल्लो वर्षको तुलनामा कमजोर अवस्था हो । सोही अवधिको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर अघिल्लो वर्षको तुलनामा कमजोर छ । जीडीपी वृद्धिदर सन् २०१७ मा ८.९ प्रतिशत भएकोमा सन् २०२० मा आउँदा खुम्चिएर-२.०७ प्रतिशतमा सीमित छ । यसले सुशासन आर्थिक वृद्धिको लागि कारक देखिन्छ । तर कम आर्थिक वृद्धिको लागि यो मात्र कारक भने होइन ।

> **नेपाल विकासोन्मुख देशको रूपमा स्तरोन्नति हुने दिशामा अघि बढ्दैछ । त्यसको लागि शासकीय प्रणालीलाई बढी जनमुखी, प्रभावकारी, अनुगमन प्रणाली, दक्ष र सक्षम भ्रष्टाचारमुक्त शासकीय प्रणालीको लागि पनि सुशासन आवश्यक छ । सार्वजनिक क्षेत्रमा सुशासन कायम गर्नका लागि निरन्तर नीतिगत, संस्थागत रूपमा नै कार्य गर्दै गरिदै आएको पनि छ ।**

**पूर्व अध्ययनको समीक्षा**

सुशासन र संस्थागत सबलीकरणबाट नै आर्थिक विकासलाई दिगो बनाउन सकिन्छ । यो आर्थिक विकासको लागि एक आधारभूत तत्व पनि हो, जुन कुरा विगतका अध्ययनहरुले प्रमाणित समेत गरिसकेको छ । काफम्यान र करायले सन् २००२ मा गरेको अध्ययन अनुसार सुशासनको गुणस्तर र प्रतिव्यक्ति आयबीचको सम्बन्ध सकारात्मक र बलियो हुन्छ । अध्ययनले राम्रो शासन प्रणाली र उच्च प्रतिव्यक्ति आय बीचमा बलियो सकारात्मक सहसम्बन्ध भएको देखाएको छ । यसको अर्थ सुशासनको मापदण्ड सबल भएका मुलुकको नागरिकको प्रतिव्यक्ति आय राम्रो हुने र कमजोर सुशासन भएका मुलुकको नागरिकको आम्दानी कमजोर हुन्छ भन्ने उनको अध्ययनको निष्कर्ष छ । फुकुयामाले सन् २०१३ मा आफ्नो अध्ययनमा विभिन्न दृष्टिकोणबाट सुशासन मापन गर्ने प्रयास गरेका छन् । उनले सुशासनलाई प्रभावकारी नियमनको रुपमा लागू गरी सेवा प्रदान गर्ने क्षमताको रुपमा परिभाषित गरेका छन् ।

उनको अध्ययनमा दुई आयामः क्षमता र स्वायत्ततालाई प्रस्तुत गरेर वैचारिक रुपमा सुशासनको परिभाषा र मापनलाई औंल्याइएको छ । अध्ययनले राज्यका विभिन्न निकाय, तिनको कार्य, क्षेत्राधिकार र सरकारको स्तर अनुसार विभाजन गर्न सुझाव दिएको छ । त्यसपछि सुशासनलाई यी सबै निकायको क्षमता र स्वायत्तताद्वारा मापन गर्न सकिन्छ भन्ने निष्कर्ष निकालेका छन् ।

प्याइन्टिनले सन् २०१८ मा गरेको अध्ययन अनुसार थाइल्याण्ड र अन्य एशियाली देशहरुमा सुशासनले प्रतिव्यक्ति पूँजीले उत्पादकत्व वृद्धिका साथै प्रतिव्यक्ति आय बढाउनमा समेत योगदान पुऱ्याउन सक्छ भन्ने देखाएको छ । गत वर्षको तुलनामा सुशासन सूचकांकमा हुने एक प्रतिशतको सुधारले देशको प्रतिव्यक्ति आय ३१.३४ अमेरिकी डलर वा प्रति वर्ष ०.५४ प्रतिशतले बढाउन मद्दत गर्छ भनेका छन् ।

सुशासनलाई एशियाली विकासोन्मुख देशहरुको आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने तत्व भनेर पहिचान गरिएको छ । यस सन्दर्भमा सुशासन नै आर्थिक विकासको आधारभूत विषय भएको निष्कर्ष छ । विश्व बैंकले सुशासन मापन गर्न विश्वव्यापी सुशासन सूचकहरुको विकास गरेको छ । सुशासनका ६ वटा आयाम आवाज र जवाफदेहिता, सरकारी प्रभावकारिता, राजनीतिक स्थिरता, हिंसाको अभाव, नियामक गुणस्तर, कानुनको शासन र भ्रष्टाचार नियन्त्रण रहेका छन् ।

अन्य देशको अध्ययनको आधारमा सुशासन राम्रा भएका मुलुकमा आर्थिक वृद्धिदर पनि राम्रो भएको सन्दर्भमा नेपालमा सुशासनको अवस्था कमजोर रहेको र आर्थिक वृद्धिदर पनि सन्तोषजनक नभएको परिप्रेक्ष्यमा नेपालमा सुशासन र कुल गार्हस्थ्य उत्पादन वृद्धिदरको सम्बन्ध केलाउने कार्य यस लेखमा गरिएको छ ।

**अध्ययनको नतिजा**

यसको लागि विश्व बैंकले सन् २००० देखि २०२० सम्मको सुशासन मापनको लागि विकास गरेको सूचकहरुको माध्यमद्वारा विश्लेषण गर्दा आर्थिक वृद्धि र राजनीतिक अस्थिरता र जोखिमको प्रवृत्ति हेर्दा सन् २००० देखि २०१२ सम्म माओवादी द्वन्द्वका कारण देशमा राजनीतिक अस्थिरता भयो । सोही अवधिमा आर्थिक विकासको महत्वपूर्ण सूचक जीडीपीको वृद्धिदर पनि कमजोर नै थियो । यो अवधिमा सुशासन र आर्थिक वृद्धिका दुवै पक्षहरुमा कुनै न कुनै रुपमा उतार-चढाव आएको देखिन्छ । कुल गार्हस्थ्य उत्पादन र सरकारी प्रभावकारिता आयामको प्रवृत्ति विश्लेषण गर्दा सन् २००० देखि २०२० सम्मको प्रवृत्ति अवलोकन गर्दा के देखिन्छ भने नेपालमा सन् २००० को सुरूमा प्रजातान्त्रिक सरकारलाई विश्वास गरेको कारण लगानी बढेको देखिन्छ । उक्त अवधिमा सरकार उत्तरदायी र जनताप्रति संवेदनशील भएकै कारण सुशासनमा पनि सुधार आयो । त्यस समय देशमा आर्थिक उदारीकरणको सुरूवात भयो । तर, सन् २००१ पछि माओवादी आन्दोलन चरम शिखरमा पुग्यो ।

सरकार कमजोर बन्दै गयो, लगानीकर्ताहरु निरूत्साही भए । यो क्रम सन् २००६ सम्म नै रहेकै कारण सरकारको प्रभावकारिता घट्दै गयो र आर्थिक वृद्धि पनि न्यून दरमा झर्‍यो । लोकतान्त्रिक सरकारलाई 'कु' गर्दै राजाले शासकीय शक्ति आफ्नो कब्जामा लिए र सरकारको प्रभावकारिता कमजोर बन्न पुग्यो । सरकारको प्रभावकारिताको प्रवृत्तिमा उतार-चढाव हुँदा जीडीपी वृद्धि पनि उस्तै प्रकारले प्रभावित हुन पुग्यो ।

## आजको राशिफल

**मेष**: पारिवारिक भेटघाटमा रमाउनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ ।

**वृष**: मनमा उत्पन्न शंका तथा डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन सक्छ । खानपिन प्रति सजग र स्वास्थ्यको ख्याल गर्नुहोला ।

**मिथुन**: रोकिए काम दोहोर्याएर गर्दा फाइदा हुन सक्छ । जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ ।

**कर्कट**: मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । पेसा र व्यवसायबाट धन प्राप्त हुनेछ । सन्तान सुखको योग छ ।

**सिंह**: एउटै कामबाट दोहोरो लाभ मिल्नेछ बन्धुबान्धवबाट सहयोग मिल्नेछ । स्वादिष्ट खानापिनाको योग पनि रहेको छ ।

**कन्या**: महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । एकोहोरो माया प्रेमले सताउन सक्छ । आर्थिक कारोबारमा विवाद पनि आउला ।

**तुला**: सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ । मनमा सहयोग भाव आउला । कुनै कुराले मनमा प्रसन्नता पनि छाउनेछ ।

**वृश्चिक**: मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । गृह कार्यमा मन जानेछ ।

**धनु**: घर परिवारका सदस्यहरुबाट सहयोग पाइनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । कृषि र उत्पादन मूलक कार्य पनि अघि बढ्नेछ ।

**मकर**: झमेला र आफ्नो कार्य सम्पादनमा समस्या आउला । चोटपटकको भय छ सचेत रहनुहोला । साँझमा पैसा खर्च हुने योग छ ।

**कुम्भ**: सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**मीन**: टाढाका नातागोता वा परिवारजनसँग प्रविधि मार्फत भेटघाट हुनेछ । महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ ।

# डोको




● कथा



मधुवन पौडेल

कपाल पट्ट फुट्ला जस्तो भएको छ । हिजो राति (आज) अबेलासम्म बस्दा थाहै नपाई खाएको कौसीको शीतले त होला नि ! छ महिना पहिले रामेश्वरले पठाएको अल्कासेत्जर पनि सकियो । अब कपाल समाएर बस्नुको बिकल्प पनि त छैन !

यस्तो बित्यो सन् १९९५ जनवरी १ को पहिलो विहान !

'मोराहरुले कति घिचेका नि ? मालिकको ताल ठीक भए पो ! कहिले चैत लाग्ला जस्तो भइसक्यो, उता गएपछि मेखै मर्छ । लौ ए ! बाउलाई समात, बाथरुममा लड्लान् फेरि ।' श्रीमतीको बेग्लै गुनासो छ ।

'मेरो मुख गहनाउँछ ?' बाह्र बजे लन्च छ, त्यसपछि फेरि टण्टलापुर घाममा रेसकोर्स– वार्षिक नेपाल गोल्ड कपको रेस ! आफ्नो भने उभिने ताकत पनि छैन । जाऊँ, मन र ताकत दुवै छैन, नगई पनि हुँदैन । असमर्थ भएर पनि देखाउनको लागि जानैपर्ने बाध्यता र पाखण्ड पनि । यस्तै छ-जागीर, देखाउनुपर्ने नै धैरै, त्यसैले जाने तयारी गर्छु ।

रेसकोर्सको खेल यसपाली राम्रै रह्यो । सानै बजेट आफ्नो केवल औपचारिकतामा सीमित न हो ! आफूले हारे पनि छोराहरुले जिते । नयाँ वर्षको पहिलो दिन, घाटा हुनु त राम्रो होइन, तर सम्पूर्णतामा घाटा थिएन । त्यसमा पनि नाफा फरकको पनि वास्ता राख्ननै पर्ने थिएन । फर्कने बेला हामीसँग मेरो मित्र विनोद पनि थियो ।

'थप्ने होइन ? हिजोको सबै काट्छ ।' बिनोदले हिजो दिउँसो रेसमा गएर तीन हजार जितेको थियो,आज के गर्यो थाहा भएन ! नाम अनुसार ऊ बिनोदी पनि छ ।

'हैन, नाइँ ! मलाई फाइदा गर्दैन ।' म उसलाई भगाउने ताकमा थिएँ । वास्तवमा अनिदो र थकाईले मलाई त कुन बेला सुतूँ जस्तो भइसकेको थियो । फोनको घण्टी बज्दै थियो ।

'शान्ति निकेतन जाने होइन ?' कलकत्ताकै अर्को सरकारी कार्यालयका हाकिम शाश्वतको फोन थियो ।

'म त गइसकें', तीन घण्टा लामो पट्यारलाग्दो रेल चढ्ने मन थिएन मलाई ।

'फेरि जाऊँ न, के भो र ?' ऊ जिद्दी गर्दै थियो ।

'बिदा मिले पो !' म नजाने वातावरण बनाउँदै थिएँ ।

'हैन, मेरो त त्यस्तै जानैपर्ने छ । रमाइलो हुन्छ, सबै जना जाऊँ ।' ऊ कर गर्दै थियो । अन्तमा शान्ति निकेतन गइएन, तर रमाइलो भने यतै भयो । सोचेभन्दा पनि बढी । फेरी घन्टी बजिरहेको थियो ।

'हलो ।' उताको आवाज थियो ।

'छिटो आउनुपर्यो, मन्त्रालय खाली जस्तै छ' !, हलल्ल अरुको पनि हाँसो थियो ।

'छोराको जाँच छ एक हप्ता जति , फेरि महिना दिन समय पनि त बाँकी छ नि !' म झर्कें, 'म नै नभई नहुने जस्तो ! अरुहरु निस्फिक्रीसँग मन लागुञ्जेल बसिरहन्छन् !'

तल गीतेश र नन्दिनी आएका रहेछन् । गार्डले विदाको दिन भएकोले माथि नै ल्याइदिएछ । 'हामी तपाईंलाई बोलाउन आएका ! सानो कार्यक्रम राखेका छौं तपाईंलाई बिदा गर्न ।' नन्दिनी भन्दै थिई ।

नन्दिनी घोष, कलकत्ताका दुई दर्जन जति लेखक, कवि, कथाकार, नाटककारहरुको सङ्गठनमध्ये एउटा मध्यम खालको सङ्गठनलाई प्रतिनिधित्व गर्ने कवयित्री ! ऊ पहिले आनन्दमार्गी थिई रे ! एकजना फ्रेन्च कूटनैतिक अधिकारी लगायत ६/७ जना लोग्ने फेरिसकेकी !

अनि गीतेश गाङ्गगुली- नाटककार, अनुहार हेर्दा छुस्स दाह्री पालेको, जिङ्रिङ्ग कपाल, कोप्चे आँखा भए पनि कलकत्ता शहरका सोसलाइट अधवैंसे आइमाईहरुको प्रियपात्र रे ! नन्दिनीसँग पनि त्यस्तै उठबस छ रे ! कुनै शीप त रहेछ नि लम्फु देखिए पनि ! जिस्केर साथीभाइहरु उसलाई अर्थात् गीतेश गाङ्गगुलीलाई 'जिग्लो' पनि भन्ने गर्थे । तर कुरोको चुरो त मलाई पनि थाहा थिएन । उसको बढ्ता हिमचिम महिलाहरुसँग हुने गरेकोचाँहीं पक्कै हो !

'मेरो जाने ठेगान छैन, म खबर गर्छु नि !' श्रध्दा गरेर बोलाउन आएका थिए उनीहरु– फेरि लो प्रोफाइलको भए पनि लेखक भइ टोपलेकोले प्रोफेसनल एफिनिटी पनि त छ ! जानै पर्ला अब ! टेलिफोनको घण्टी बजिरहेकै छ । झर्को लागेर उठाउँछु ।

'हलो !'

'म विराट शर्मा, भुवनेश्वरबाट, जाने कहिले ? एकपटक यहाँ नआई जान पाइन्न है सर् ? मेरो श्रीमतीले जसरी भए पनि ल्याउनु नत्र हामी रिसाउँछौं भन्नु भनेकी छिन् !'

विराट शर्मा, भुवनेश्वरको एउटा उद्योगपति, केन्द्रिय सरकारको सेवाबाट निवृत्त र ठूलो जमिन्दार पनि– उडिसा राज्यभरि नै चल्तापुर्जा भनेर कहलिएको मान्छे हो ! तर साह्रै रक्स्याहा र मनमौजी खालको थियो उ ! उसको अनुहार र मिजास हेर्दा ऊ पीएच.डी. गरेको मान्छे हो भनेर कोही पत्याउँदैनथ्यो । उसको पिण्ड छुटाउन अहिले नै हुन्छ भन्नुको अर्को विकल्प थिएन ।

'लौ त ! आउने पक्का भएपछि खबर पाऊँ ।'

उसले फोन राखिदियो । कलकत्ता र भुवनेश्वर, अनि त्यहाँबाट पुरी, नेपालबाट जोसुकै आए पनि पुर्याउनैपर्ने हुन्थ्यो !

'कति जाने पुरी पनि ? कतिपल्ट पुरीको नेपाली पण्डाको लालची अनुहार हेर्ने ? भुवनेश्वरमा त घुम्ने ठाउँ थुप्रै छन्, जान मन लाग्छ र तर पुरी धेरैपल्ट गइयो । अब अन्तै भ्याउनुपर्ने- फर्कने बेला भइसक्यो ! बरू मायापुर जाऊँ न !' बैठकबाट श्रीमतीको आवाज चर्किंदै थियो ।

'छोरालाई नलग्ने ?' उनलाई अर्कै पनि रन्को थियो, राउरकेला जाने, सम्बलपुरी सिल्क सारी अर्को एउटा थप्ने ।

'कहीं नपाएर त्यहाँ जाने अब ? न हेर्ने ठाउँ छ, न बस्ने ! यताबाट निस्कन पाए पुग्छ बा !' सम्बलपुर जाने कुरो सुन्दै मलाई दिक्क लाग्छ । राउरकेलामा पनि वास्तवमा चिम्नीको धुवाँको मुस्लो बाहेक हेर्ने ठाउँ के पो छ र ! आमाचाहिँलाई छोरो कस्तो ठाउँमा बसेको छ भन्ने देख्ने रहर मात्रै हो । तर भनेर लाग्ने भए पो !

'आज कन्सुलर कोरको लन्च छ, म भात खान्नं है ?'

'यसबेला भन्ने त ? म एक्लै भन्ने थाहा पाएको भए पकाउँदै पकाउन्नथें !' म बिर्सन्थें, श्रीमती यस्तै गरी झर्किन्थिन् ।

'भरे खाउँला नि !' ठट्टाको मूडमा थिएँ म ।

'भरे बाहिर रेस्टुराँमा लग्ने भनेको होइन र ? एयरपोर्टतिरको चाइनिज बस्तीतिर लग्ने भनेको पनि कुरै मात्र छ । के तालको मान्छे होला ? आफूलाई मात्र भए ठीक !'

'त्यस्तो दुर्गन्धी ठाउँमा ? फेरि भेजिटेरियन खाना के पो पाइन्छ र ! सबै कुरा सुँगुरको बोसोमा पकाउँछ- सूप पनि ।' श्रीमती एयरपोर्ट नजीकको चिनीयाँ वस्ती ट्याङ्गाको प्रसङ्ग झिक्दै थिइन् । म भने अल्छाउंदै थिएं ।

'जे भए पनि म त जान्छु । बरू म आइसक्रिम मात्रै खाउँला । सबै जान्छन्, बर्ता कुरा '.. ' ।

मेरो केही लाग्दैन । ट्याङ्गा गइयो, गँगटाको सूप अलि धेर भएछ, रातभरि असजिलो भइरह्यो । तर स्टाफ, जहान केटाकेटी सबै दङ्ग परेकाले बेशै लाग्यो ।

'सुब्रतको फोन आएको थियो- केराको पातमा तोरी र हरियो खुर्सानीसँग पकाएको हिल्सा माछा ख्वाउने रे !' मेरो मुखभरि पानी आयो- हिल्सा माछा र उसकी स्वास्नी दुवैलाई सम्झेर । तैपनि श्रीमतीको प्रतिक्रिया बुझ्नुपर्ने थियो ।

'भो, भो, नक्कल पार्नु पर्दैन ।' श्रीमतीको आँखाको भाका अर्कै थियो । मलाई रनक्क रिस उठेको थियो, तर बिना मतलब के कुरा लम्ब्याउनु भन्ने सोचेर चुप लागें ।

'जेठो छोरालाई बोलाउने होइन ? सामान लग्न पनि सजिलो हुन्थ्यो । गर्मीको छुट्टी हुने बेला भएन ?' मेरो पारा चढेको देखेर उनले प्रसङ्ग बदलेकी थिइन् ।

'होइन । उल्लाई यतै छाडेर जाने !' म साँच्चै गर्माएको थिएँ, श्रीमती रनक्क परेर भान्छातिर लागिन् । हामी दुवैलाई शायद यति नभएको दिन भातै रूच्दैन ।

०००

'यस्तो गर्मी छ, न एयर कण्डिसन, न कूलर ! एकपटक २-४ जनालाई बोलाउनुपर्ने त हो ! सरकारी हल पनि हाकिमकै एकलौटी भइसक्यो । पहिलेकाहरुले त पार्टी त्यहीं गर्थे रे !' श्रीमतीको गुनासो थियो एकपल्ट ठूलै जमघट गर्ने दूतावासमै। लगभग यस्तो सुगा-रटाइ भने पनि हठ भने पनि महिनैपिच्छे हुन्थ्यो ।

'भैगो अब ! जाने वेला भइसक्यो,आफू-आफू बस्न यतै भैहाल्छ ! अपझ्रट परेर हिँडिहाल्नुपर्ने भो भनेर अरुलाई मुखमा बुजो लगाइदिउँला अब !'

'अर्थोक के गर्ने त ? नेपाली डिप्लोम्याट्को विवशता यहाँ मात्र होइन अन्त पनि उस्तै त होला नि !' वास्तवमा आफ्नो बैठकमा बस्ने ठाउँको बिजोगले गर्दा कसैलाई घरमा बोलाउन पनि गाहारो थियो ।

०००

'बजेट त आएछ सर् ! पेश्की लिने हो कि ?' एकाउन्टेन्ट शायद मलाई जति सक्यो छिटो लखेट्ने ताकमा थिए ।

'लिउँला नि ! केको हतार ? उताबाट कोही आउने सुरसारै छैन ।' उसको मुख बुजो लगाउन मैले यही जवाफ दिनुपर्ने थियो ।

'तैपनि हाकिम साहेबले पनि हिजो सर् कहिलेतिर जाने भनेर सोध्नुभएकोले भनेको । नत्र मलाई त सर् जस्तो मान्छेसँग जति बढी बस्न पाए पनि राम्रै लाग्छ नि !' उसको बोली र शब्द चयन दुवैमा कृत्रिमता झल्कन्थ्यो । नत्र दिनको तीन पल्ट डांट खाने गरेको कसरी बिर्सन सक्थ्यो उसले !

'हैन, ढिलो नगरौं, जाऊँ ! घर पनि खाली भइसक्यो । नेपाल छिटो गएर छोरीको बिहे गर्नुपर्छ ।' मलाईभन्दा श्रीमतीलाई नेपाल जाने हतार थियो ।

● कविता

## स्व. जेठा राई



महेन्द्र थुलुङ राई

आधा बगेर,
खै ! कस्ले खनेको खाडलमा
चुपचाप
हावाको भर्याङ ओर्लेर
निदायो जेठा राइ
आधा बनेको घर
पाउलिदै गरेको आगन छोडेर
त्यो चिहान डाँडामा ।
समयको भित्ताले सुनेको कुरा ।
बिमार भयो ।
र,
लालपुर्जा बिनाको जग्गा
घोचो ले बारेको घरले
आइ सि यू साट्न सकेन
छोराछोरी बेचेर
किन्न सकेन
एक झोला दबाइ
बि पि को नामको अस्पतालमा
र,
बाध्य भयो
आफ्नै मलामिको नेर्तुत्व गर्न
गर्व गर्थ्यो,
देशमा गणतन्त्र आयो भनेर ।
मैले देखेको जेठा राई ।
मनाङ गयो,
काला पथ्थर भयो
अन्नपूर्ण चड्यो
अरूण उपत्याका झर्यो
छोड्न सकेन सगरमाथा
लुम्बिनी,
छ्यो रोल्पा
चारकोशे झाडी
र छोड्यो  आफ्नै संसार
खै कस्ले बालेको
असमानताको अग्नी रेखा नाग्न सकेन
र, गयो
आँफैले बनाएको सन्तानको आशु तरेर ।
खै किपाम पा,
तपाईंले बोकेको थुन्चे भित्र
आयो होला त
मलामिको सातो ?
भोलिको कुरा
जेठा राईको
ति बचैंरा चारो खोज्दै जादा
आफ्नै पापाको चिहानको माटो खोस्रे
कुनै अनौठो हुँदैन सरकार ?
गल्ती जेठा राइको
देशलाइ माया मात्र गर्नु थियो ?
भुल जेठा राइको,
आफ्नै सिमारेखा भित्र मात्र टेक्नु थियो ?
सरकार,
काँन्छो राइ
हिसाब माग्न आउछु भन्दैछ
सप्पै सप्पै खण्डहर इतिहासको ।
स्व.जेठा राई
अब फर्किंदैन
तर,फर्किन्छन जेठा राइहरू
त्यो बेला प्रत्येक जेठा राइहरू
बल्दै बल्दै फर्कन्छन् ।
तैयार भएर बस्नु आगो सेक्न
सिंहदरबारका बरफहरू ।

● कविता

## गोमारीको भट्टी, हाकु चा साहुजी र बाबुकाजी



विके माकजू

उघारेर पर्दा
हरेक दिन सर्वदा
बिहान, दिउँसो, साँझ, बेलुका
पसेर भित्र
लगाएर तुच्च
निस्कने गरेको फुट्ट
दशकौं भयो
अझै निरन्तरता कायम छ
यसको अर्थ
बाबुकाजीको पार्टपूर्जा बलियो छ ।
बाचामारी देखि गोमारी
दिनको तिनचार फेरि
जाँड खानकै निम्ती आउनु
मात्तिएर जानु
बाबुकाजीको भट्टी मोह हो कि
हाकु चा साहुको धन लुट्ने जोहो हो
अनबिज्ञ बाबुकाजी
चतुर हाकु चा साहु जी ।
फेरिए बाबुकाजी हिड्ने बाटो
गल्ली, बस्ती, चोकहरू
पुल पुलेसाहरू
तर फेरिएन बाबुकाजीको दिनचर्या
फेरिए छिमेकीहरूका रहनसहन
दैनिकी जीवन
तर फेरिएन बाबुकाजीको मन ।
लागेको छैन बाबुकाजीलाई
म बिग्रिएँ जाँड खाई ?
जाँडको उधारो तिर्न नसकेर
हनुमानचाको खेत पास गरी दिएर
अझै नपुगेर
घरको लालपूर्जा बन्धकी राखेर
ईज्जत बचाएर मख्ख छन् बाबुकाजी
अनि मख्ख छन् जग्गा पास गरेर
घर धितो लिएर, हाकु चा साहु जी ।
जगाती वरिपरि
कुरा चल्छ घरिघरि
बाबुकाजीले घरखेत खायो
सोङलोह, सोह्रखुट्टे
कुरा चल्छ यस्तै
बिग्रियो बाबुकाजी
सप्रियो हाकु चा साहु जी ।
आज धेरै मातिए बाबुकाजी
गज्रिए हाकु चा साहु जी
तेरो घरको धितोले ढानेन
मेरो छोराछोरी श्रीमतीले मानेन
अतः छिट्टै घर पास गरी लेउ
त्यसपछि मेरो भट्टीमा नआउ ।
सकिनसकि उठे बाबुकाजी
झरे गल्ली झर्टी
लर्बराएर खुट्टा
लड्दै लड्दै हिंडे यताउता
पुगे खोंरे
बसे टुसुकक
सकेन उठ्न जुरक्क
शायद अब उठ्दैन बाबुकाजी
भट्टीका ग्राहकहरु भन्न थाले
मरे बाबुकाजी
बनाइदिए भट्टी र हाकु चा साहु जी ।

जि.प्रशा.का. सिन्धुपाल्चोक द.नं.: १४-०६१/६२
जिल्ला हुलाक कार्यालय सि.पा.द.नं.: ०१-०७७/७८


## फोटो फोकस



**संस्कृति जर्गेना**: मेलम्चीमा युवा एवम विद्यार्थीहरूको लागि संस्कृति जर्गोना गर्ने उद्देश्यका साथ धिमे बाजा प्रशिक्षण प्रदान गरिएको छ । प्रशिक्षणमा ३० जना सहभागि छन् ।

# सुनकोशी बी र धार्पा युथ क्लब भिड्ने

● सर्वपक्ष सम्वाददाता । चौतारा

चौथो संस्करणको मालिकादेवी कप खुल्ला सेभेन ए साइड फुटबलको उपाधिका लागि सनिबार सुनकोशी 'बी' र धार्पा युथ क्लब भिड्ने भएको छ ।

यी दुई टिम पेनाल्टीमा जीत हासिल गर्दै फाइनल यात्रा तय गरेको हो । शुक्रबारको पहिलो खेलमा राई बोइज एफसीलाई पेनाल्टी सुटआउटमा ४-३ ले पराजित गर्दै सुनकोशी 'बी' फाइनल प्रवेश गरेको हो । निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएपछि पेनाल्टी मार्फत निर्णय लिन परेको थियो ।



यस्तै दोस्रो सेमिफाइनलमा चौतारा स्पोर्टिङ क्लबलाई पेनाल्टीमै ४-३ गोलले पराजित गर्दै धार्पा युवा क्लब फाइनल प्रवेश गरेको छ । उक्त खेलमा पनि निर्धारित समयमा कुनै टोलीले गोल गर्न नसकेपछि खेल ट्राइ ब्रेकरमा धकेलिएको थियो । ट्राइ ब्रेकरमा चौतारालाई पछि पार्दै धार्पाले सुनकोशी बी संगको फाइनल भिडन्त पक्का गरेको हो ।

प्रतियोगिताको विजेताले एक लाख ५५ हजार ५ सय ५५ रूपैयाँ प्राप्त गर्नेछन् भने उपविजेताले ७७ हजार ७ सय ७७ रूपैयाँ पाउनेछ ।

# शिक्षकहरूले प्रकोप उद्धार कोषमा एक दिनको तलब जम्मा गर्नुपर्ने

● सर्वपक्ष सम्वाददाता । काठमाण्डौ


शिक्षकहरुले एक दिनको तलब प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्नुपर्ने भएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गर्दै शिक्षकहरुको एक दिनको तलब कोषमा जम्मा गर्न भनेको हो । सोही आधारमा मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई एक दिन बराबरको तलब कोषमा जम्मा गर्न भन्दै पत्राचार गरेको हो । असोज १४ गते मूख्य सचिवको संयोजकत्वमा बसेको विपद् व्यवस्थापन सम्बन्धमा बसेको सचिव बैठकले कर्मचारीको तलब कोषमा जम्मा गर्ने निर्णय गरेको थियो ।




राष्ट्रसेवक निजामती कर्मचारीहरुको हकमा राजपत्रांकित अधिकृतहरुको २ दिन र अन्य कर्मचारीहरुको १ दिनको तलब प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरिएको थियो । सोही आधारमा स्वीकृत दरबन्दी र राहत अनुदानमा कार्यरत विद्यालयका शिक्षकहरुको १ दिनको तलब कोषमा जम्मा गर्न भनेको हो । मन्त्रालयले सम्बन्धित स्थानीय तहहरुलाई समेत उक्त निर्णय अनुसार तलब जम्मा गर्न अनुरोध गरेको छ । असोज ११ र १२ गतेको भारी वर्षापछि आएको बाढी, पहिरो तथा डुबानका कारण ठुलो जनधनको क्षति भएको थियो ।

## याम-आयाम



●सुजित महत

# नयाँ सरकार, नयाँ निराशा

तत्कालीन नेकपा (नेकपा) मा घरझगडा उत्कर्षमा पुगेर केपी ओली नेतृत्वको सरकार सर्वोच्चको परमादेशद्वारा विस्थापित भएपछि नेपाली समाज निराशाको 'नेक्स्ट लेभल'मा प्रवेश गरेको थियो (ठोस अध्ययन/अनुसन्धानबिना नै ठोकुवा गरिराखिएको नेपाली समाज घोर निराशाबाट गुज्रिरहेको छ भन्ने भाष्यको ठोस अध्ययन/तर्कसहित खण्डन/खारेज पनि भएको छैन) । नेपालीले अपेक्षा गरेका समृद्धि/सुशासन आदि जे छन्, प्राप्त हुन नसक्नुमा सरकारहरु अस्थिर हुनु नै प्रधान शत्रु पहिचान गरिराखिएको बेला पाँच वर्ष टिक्ने ग्यारेन्टी दिँदै वामगठबन्धन चुनावी मैदानमा उत्रिएपछि आशावादी सुनिएका मतदाता उत्साहपूर्वक मतदानमा ओर्लिएका थिए ।

दशक लामो संघर्षबाट जन्मिएको संविधान, त्यसपछि चुनाव, चुनावबाट झन्डै दुई तिहाई बहुमतसहित वामगठबन्धनको सरकार, गठबन्धन शक्ति एकीकृत भई डबल नेकपासमेत बनेको थियो । स्थिर सरकार भएपछि के-के न भइहाल्छ भन्ने चरम आशावादितामा चिसो न चिसो पानी घोप्टिन धेरै समय लागेन । अन्ततः पाँच वर्ष टिकाउ सरकारको ग्यारेन्टी पनि फेल खायो । 'सिंगल' भइसकेका समूहहरुलाई अदालतले नै औपचारिक 'डिभोर्स' गरिदिएपछि डबल इन्जिन/डबल पाइलटको डबल नेकपा नै तीन वर्ष चलेन । गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा कांग्रेसको बहुमतको सरकार पार्टीको आन्तरिक किचलोको शिकार भएको ठीक २७ वर्षपछि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को झन्डै-झन्डै दुई तिहाई बहुमतको सरकारले त्यही नियति बेहोरेपछि स्थिर सरकारको सपना पनि मिथ्या साबित भई समाजमा निराशा बढ्न थालेको ठान्न सकिन्छ । रहेबचेको कसर आर्थिक मन्दीले पूरा गरिदियो । आमनिराशाकै बीच कांग्रेस-एमाले लगनगाँठो कसिँदा कतिपय नेपाली अति आशावादी छन्, जो हरेकचोटि नयाँ सरकार बन्दा आशाको नजरले हेरिराखेका हुन्छन् । यसपालि आशावादीको संख्या काफी बढेको बुझिन्छ, दुई बडे-बडे पार्टी मिलेर सरकार जो बनाएका छन् ।

विगतमा कम्तीमा वर्षदिन सरकारको आयु ठानिराखिएकामा वर्तमानमा यो केही महिनाको म्यादी सरकारमा खुम्चिँदै जानुको दोषी संविधान हो भन्ने भाष्य बनिरहेको छ । संविधानले नै बहुमतको सरकार बन्न छेकबार लगाइदिएका कारण सरकारहरुको आयु छोटिएको भन्ने परेको छ, पारिएको छ । अब संविधान नै संशोधन गरी निर्वाचन प्रणालीमा संशोधन गरिदिएपछि स्थिर सरकार बन्नसक्छ भनेरै एकथरी आशावादी सुनिन्छन् । कसैलाई संविधान संशोधनको 'प्यान्डोरा बक्स' खुलेपछि त्यहाँबाट हिन्दू राष्ट्र, एकात्मक प्रणाली फुत्तफुत्त बाहिर आउने सम्झेरै आशावादी बनाएको छ- तिनका लागि देशको तरक्कीको तारबार भनेकै संघीय प्रणाली, धर्म निरपेक्षता, आरक्षण हुन् जसलाई भत्काइदिएपछि देश त उहिल्यै राजा वीरेन्द्रले घोषणा गरेको एशियाली मापदण्डमा पुगिजानेछ ।


आशा राख्नु स्वास्थ्यको दृष्टिकोणले सही छैन । आशाअनुरुप नहुँदा मान्छेमा घोर निराशाको तहमा पुग्ने जोखिम हुनसक्छ- विगतमा बहुमतको सरकारबाट गरेको आशाजस्तै । आशारहित रहियो भने दुखी भइँदैन । आशा नगर्दा नगर्दै पनि उत्तम भए पुलकित भइहालिन्छ । अब संविधान संशोधन भएर आफ्नो मनचिन्ते झोला भरिनेमा आशावादीहरुले आस नगरेकै बेस-संशोधनको प्यान्डोरा बक्स (अहिले चलनचल्तीको भाषामा फाइल) खुल्ने सम्भावना न्यून छ । संविधान आफैमा गतिशील दस्तावेज मानिने भएकाले संशोधन/परिमार्जन असाधारण होइन, तर हाम्रो हकमा सहज पनि छैन । देशी/विदेशी अनेकौं समूहको स्वार्थले गर्दा यो सामान्य प्रक्रिया हाम्रा लागि असामान्य हुनसक्छ ।

चुनाव प्रणालीकै संशोधन पनि सहज छैन । संविधानको मूल मर्म समावेशीकरणलाई धक्का नपुग्ने गरी निर्वाचन प्रणाली परिमार्जन गर्नु सजिलो काम हुँदै होइन । मूल मर्ममा प्रहार हुने आशंकामा फाइल नखुल्दै खबरदारी शुरु भइसकेको छ । फेरि हामीकहाँ सरकार म्यादीमा परिणत हुनुमा संविधानको दोष कि शीर्ष नेताहरुको इमान/जमानको ? ०४८ र ०५६ मा कांग्रेसले बहुमत पायो, ०७४ मा बहुमत पाउने वामगठबन्धन (पछि पार्टी नै एकीकरण) ले । पछिल्लो आमचुनावमा गठबन्धन गरी चुनाव जितेका शक्तिहरु सरकारै नबनाई छिन्नभिन्न भए । नेताहरुमा इमान/जमान नहुँदा सरकार अस्थिर हुने, दोष चाहिँ संविधानलाई दिने ? अर्का थरी सरकारले 'डेलिभरी' देला भनेर आशावादी सुनिन्छन् । देशका दुई बडेमान दल एक ठाउँमा आउँदैमा आशा राख्ने किन ? पटक-पटक परीक्षण भइसकेकै पात्रहरु होइनन र ? कांग्रेस कोटामा व्यवसायी फर्स्ट अनि सांसद दीपक खड्कालाई स्वार्थको द्वन्द्व हुने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय जिम्मा लगाइएको छ । अब उनी जोडिएको एउटा केस हेरौं है त ।

खड्का अध्यक्ष रहेको मेन्छियाम हाइड्रोपावर लिमिटेडको संस्थापक शेयरको 'लक-इन पिरियड' हटाउन भन्दै गत मंसिर १२ गते अर्थ मन्त्रालयमार्फत धितोपत्र बोर्डमा पत्र पुग्यो । खड्काको ६३ प्रतिशत शेयर रहेको मेन्छियाम नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत भएको पाँच महिना मात्रै भएको थियो । जबकि धितोपत्र दर्ता तथा निष्कासन नियमावलीमै संस्थापक शेयर लगानीकर्ताको लागि न्यूनतम तीन वर्षको लक-इन पिरियडको प्रावधान (सूचीकृत भएको कम्तीमा तीन वर्षपछि मात्र शेयर बेच्न पाइने) स्पष्ट छ । सञ्चालकहरुले त अझ लक-इन खुलेपछि पनि पदबाट बाहिरिएको एक वर्षपछि मात्रै शेयर बेच्न पाउने प्रावधान छ । सञ्चालक समितिको अध्यक्ष रहेका खड्काले त तीन वर्षपछि पनि तुरून्तै शेयर बेचेर बाहिरिन पाउँदैनन् । संखुवासभामा मेन्छियामले बनाइरहेको ४.७२ मेगावाटको माथिल्लो पिलुवा खोला- २ आयोजना २०८० साल असारको बाढीले क्षति पुर्‍याएपछि नोक्सानीबाट जोगिन सुटुक्क बाहिरिएर जोखिम जति अरु सर्वसाधारण लगानीकर्ताको टाउकोमा थुपार्न खड्काले प्रयत्न गरेको अनुमान गर्न सकिन्छ ।

अब यी दुई ठूला पार्टीले 'लगनगाँठो' कस्दैमा उत्साहित हुनु किन ? अब कहीं नभएको जात्रा हेरौं । शहरी विकासमन्त्री सुरक्षा निकायका प्रमुखहरुसँग बिफ्रिङ लिन्छन् । यो स्वयं आफ्नै र ब्रिफ्रिङ दिनेहरुको समयको बर्बादी मात्रै होइन ? विनम्र, वाक्पटु रमेश लेखकले टिमको छनोटदेखि सरूवा-बढुवासम्म 'भेग फर्स्ट' भन्न थालेपछि देखिहालिन्छ । पहिलोचोटि मन्त्री भएका प्रदीप पौडेल, विद्या भट्टराई, बद्री पाण्डेहरुलाई 'डेलिभरी ब्वाई/गर्ल' ठानेर कतिपय आशावादी सुनिन्छन् । पहिलोचोटि मन्त्री बन्नु नै आशावादी हुन काफी हो र ?

रेडियो सिन्धु १०५ मेगाहर्ज चौताराबाट बिहान ५:४५ बजेदेखि बेलुकी ११ बजेसम्म दुई-दुई घण्टाको फरकमा ताजा समाचार, मनोरञ्जन र तथ्य सूचनाको साथमा सुन्न नभुल्नुहोला ।
105 Radio Sindhu


बढ्दैछ सूचनाको रफ्तार
हामी दिन्छौ पलपलको खबर
ग्लोबलपाटी
डिजिटल पत्रिका । सबैको खबर, ताजा समाचार । www.globalpatee.com
www.globalpatee.com

भिजन सिन्धु प्रा.लि.का लागि सीतादेवी श्रेष्ठद्वारा प्रकाशित । अध्यक्षः सुरेश कसजू। सल्लाहकार सम्पादकः डम्बर रसिक भारती । कार्यकारी सम्पादकः सुन्दर शिरीष । सम्पादकः स्मृति दंगाल
सम्वाददाताः केशवप्रसाद अधिकारी, मेलम्ची प्रतिनिधिः असीम भारती । डिजाईन : शब्दालय पब्लिकेशन, ९८५१०९०४११, shabdalaya@gmail.com । जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक द.नं.: १४-०६१/६२
कार्यालयः चौतारा- ५, प्रेसचोक, सिन्धुपाल्चोक, नेपाल । फोनः ०११-६२००७१, ९८५१११३५४० । इमेलः kasajusuresh@gmail.com । वेवः www.jugalkhabar.com । मुद्रणः सेवा अफसेट प्रेस, चौतारा